बैठक नं.-६

आज मिति २०७४ साल मंसिर ७ गतेका दिन यस लिखु गाउपालिका का अध्यक्ष श्री गोविन्द बहादुर पौडेलको अध्यक्षतामा लिखु गाउँकार्यपालिका को मासिक बैठक बसी तपसिल बमोजिमका एजेण्डा तथा प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

उपस्थिति

१. अध्यक्ष - श्री गोविन्द बहादुर पौडेल
२. उपाध्यक्ष - श्री शान्ता ढुंगेल
३. वडाध्यक्ष - श्री कुमारराज सुवेदी
४. ,, - श्री रामहरी बुढाथोकी
५. ,, - श्री गोपाल खड्का
६. ,, - श्री धनबहादुर कार्की
७. ,, - श्री गोपाल खत्री
८. ,, - श्री टिका बहादुर क्याप्छाकी
९. ,, - श्री बेद बहादुर कार्की
१०. ,, - श्री विशालकुमार पौडेल
११. ,, - श्री सुकुबीर तामाङ
१२. का.पा. सदस्य - श्री मावर सुनवार
१३. ,, ,, - श्री लालकुमारी तोलाङ्गी बमै
१४. ,, ,, - श्री तिलकुमाया खत्री तिलक
१५. ,, ,, - श्री अप्सरी पाण्डे सुवेदी अप्सरा
१६. ,, ,, - श्री टेकबहादुर वि.क.
१७. ,, ,, - श्री सीता खत्री सीता
१८. सदस्य सचिव - श्री ओमबहादुर दर्जी

आमन्त्रित :- श्री जीवन घिमिरे
,, - श्री ध्रुव कुमार थमला
,, - श्री भुवन अधिकारी

प्रस्तावहरु :

१. प्रतिवेदन तथा समीक्षा सम्बन्धमा।
२. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ सम्बन्धमा।

३. कर्मचारी व्यवस्थापन तथा संगठन सम्बन्धमा।
४. जुडेदोभान लिखुखोला लघु जलविद्युत योजनाको सम्बन्धमा।
५. अल्पा बाट आएको बाँकी रकम वडफाँड सम्बन्धमा।

निर्णयहरु:-

प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा आ.व. यसैको कार्यपालिकाको बैठकमा गा.पा. अध्यक्षद्वारा यस कार्यपालिकाको बैठकभन्दा अगाडि भए गरेका काम कारवाहीको सम्बन्धमा प्रतिवेदन पेश भई समीक्षा गरि आगामी दिनमा अझ प्रभावकारी रुपमा अगाडि बढ्ने निर्णय गरियो।

प्रस्ताव नं. २ माथि व्यापक छलफल गर्दा स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८ कार्यपालिकाको बैठकबाट सर्वसम्मतीबाट अनुमोदन गर्दै पारित गरि मिति २०७४।०८।०८ गतेबाट लागू हुने भनी निर्णय गरियो।

प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा यस कार्यालय अन्तर्गत कार्यरत कार्यालय सहयोगी जना-४(चार) प्रत्येक वडामा कार्यालय सहयोगी जना-७(सहायक स्तर चौथो), पुन डोर हाकिम कार्यरत हुन, उनीहरुको पदमा सेवा करारद्वारा पदपूर्ति गर्ने, कृषि तथा पशु पंक्षी विकास शाखामा रिक्त रहेको ना.प्रा.स. (ना.प्रा.स. द्वितीय) - जना १ (एक), गाउँपालिका अन्तर्गत स्थापना भएका हेल्थ युनिटहरुमा अ.हे.व./अ.न.मी. तथा वर्थिङ सेन्टर अन्तर्गत स्वास्थ्य चौकी पोकलीमा - जना-१, स्वास्थ्य चौकी टाक्सिन्दु-१ जना, स्वास्थ्य चौकी टाक्सिन्दुमा - जना-१ (अ.न.मी) र प्रयोगशालाको लागि स्वास्थ्य चौकी यसैमा -१ जना ल्याब असिस्टेण्ट पदमा सेवा करारमा पदपूर्ति गर्नको लागि अघिल्लो कार्यपालिकाको बैठकबाट स्वीकृत भएको दरबन्दी पुन निकट समयमा नै विज्ञापन खुलदै र उनमा समाहित

गरी एकमुष्ट रुपमा विज्ञापन खोलन गठन गरेको पदपूर्ति समिति लाई अधिकार प्रदान गर्ने र सोही बमोजिम पदपूर्ति/नियुक्ति गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा फुर्के दोमान लिखु खोला अ.बि. योजनाको सन्दर्भमा अध्यक्ष मण्डलमा पेश गरेको छानबीन समितिको प्रतिवेदन गा.पा. अध्यक्ष मार्फत कार्यपालिकामा पेश भई आवश्यक कानुनी परेको विषयमा आवश्यक निर्णय गरिने सर्वसम्मती बाट पारित गरियो ।

प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा अवण्डामा रहेको बाँकी रकम बाँडफाँड सम्बन्धमा अ.व्यो. बाट आएको, अवण्डा मनिरको रकम आगामी हिउँदे गाउँ सभाबाट अनुमोदन गर्ने गरी तपसिल बमोजिमका योजनाहरुमा रकम विनियोजन गर्ने तथा कुनै पनि कोष लाई अवण्डामा राख्न नपाईने भन्ने कानुनी प्रावधान लाई कार्यान्वयन गर्ने यस आज बसेको कार्यपालिका को बैठकले सर्वसम्मत पारित गरी निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | सभाबाट विनियोजित रकम (रु.) | थप विनियोजित रकम (रु.) |
|---|---|---|---|
| (क). | हतिडाँडे आर्यघाट मोटरबाटो -४ | ८,९०,०००।- | १०,००,०००।- |
| (ख) | मझुवा मोटर बाटो निर्माण तथा मर्मत | ५१४,००,०००।- | १०,००,०००।- |
| (ग) | कार्यपालिकाको घेराबार तथा मर्मत | ००।- | १०,००,०००।- |
| (घ) | बाघखोर - धारिमकोट - खो.पौ. चिउरी डाँडा -१ | | ६,३६,६१८।- |
| | जम्मा → | | ३६,३६,६१८।- |